# सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) बमोजिम प्रस्तुत गरिएको अर्थ मन्त्रालयसंग सम्बन्धित सार्वजनिक विवरण



नेपाल सरकार
अर्थ मन्त्रालय
बैशाख , २०७४

# भूमिका

नेपालको संविधान को धारा २७ ले सूचनाको हकलाई नागरिकका मौलिक हकको रूपमा स्थापित गरेको छ। आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि सूचना पाउने नागरिकको उक्त मौलिक हकको प्रचलनका लागि सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ कार्यान्वयनमा रहेका छन्। सार्वजनिक महत्वका सूचनामा आम नागरिकको सरल र सहज पहुंच पुऱ्याई सूचनाको हकको संरक्षण गर्नु तथा राष्ट्र र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्नु सार्वजनिक निकायको दायित्व हो। उल्लिखित दायित्वलाई आत्मसात गर्दै अर्थ मन्त्रालयले सो ऐनको दफा ५(३) तथा नियमावलीको नियम ३ ले सार्वजनिक गर्नुपर्ने भनी किटान गरेका सूचनाहरू नियमित रुपमा सार्वजनिक गर्दै आएको छ । यो विवरणमा आ. व. २०७३/७४ को मंसिर देखि चैत्रमसान्त सम्ममा भएका महत्वपूर्ण कार्यहरू, मुलुकको आर्थिक क्रियाकलाप सम्बन्धी विवरणहरू र ऐन तथा नियमावलीले तोकेका अन्य विवरणहरू समावेश गरिएको छ । प्रस्तुत सार्वजनिक विवरणले अर्थ मन्त्रालयबाट सम्पादित काम कारवाहीका सम्बन्धमा सर्बसाधारणमा सूचना प्रवाह हुने तथा सुधारका सम्बन्धमा पृष्टपोषण प्राप्त हुने विश्वास लिएको छु । साथै, सूचनामा सर्वसाधारण नागरिकको हक सुनिश्चित गर्ने अर्थ मन्त्रालयको प्रतिबध्दता पुनः व्यक्त गर्दछु ।

२०७४ बैशाख १० गते ।

शान्तराज सुबेदी
सचिव

# विषय सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | अर्थ मन्त्रालयको परिचय र उद्धेश्य | १ |
| २. | संगठनात्मक स्वरुप | ३ |
| ३. | कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था | ४ |
| ४. | कार्य क्षेत्र | ५ |
| ५. | अर्थ मन्त्रालयले गर्ने कार्य र सेवा | ६ |
| ६. | सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पर्क टेलिफोन नम्बर | ६ |
| ७. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | ६ |
| ८. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | ७ |
| ९. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | ८ |
| १०. | सम्पादन गरेको मुख्य मुख्य कामको विवरण | ८ |
| ११ | महाशाखागत उपलब्धिहरू | १४ |
| १२. | सूचना अधिकारी र प्रमुखको नाम तथा सर्म्पर्क टेलिफोन नम्बर | २६ |
| १३. | ऐन, नियम र निर्देशिकाको सूची | २६ |
| १४ | आम्दानी खर्च तथा आर्थिक कारोवार सम्बन्धी विवरण | २८ |
| १५. | अन्य विवरण | ३१ |
| १६. | अनुसुचीहरु | |

## १. अर्थ मन्त्रालयको परिचय र उद्धेश्य

### (क) पृष्ठभूमिः

समष्टिगत आर्थिक नीतिहरुको तर्जुमा र कार्यान्वयनको माध्यमबाट मुलुकको आर्थिक विकासमा अर्थ मन्त्रालयको नेतृत्वदायी भूमिका रहेको छ । मुलुकको आर्थिक,वित्तीय तथा मौद्रिक क्षेत्रसंग सम्वन्धीत सम्पूर्ण नीति तर्जुमा, कार्यान्वयन तथा अनुगमन र व्यवस्थापन गर्ने दायित्व अर्थ मन्त्रालयमा रहेको छ। नेपाल सरकारको वार्षिक बजेट तर्जुमा र बजेटको कार्यन्वयन, सार्वजनिक खर्च व्यवस्थापन, सार्वजनिक वित्तीय व्यवस्थापन, आन्तरिक राजस्व व्यवस्थापन तथा स्रोत परिचालन, समष्टिगत आर्थिक स्थायित्व , अन्तर्राष्ट्रिय आर्थिक सहायता परिचालन तथा व्यवस्थापन, विदेशी विनिमय नियन्त्रण तथा नियमन, राजस्व चुहावट नियन्त्रण, सम्पति शुद्धिकरण अनुसन्धान आदि बिषयहरु अर्थ मन्त्रालयको कार्यक्षेत्र भित्र पर्दछ । त्यसैगरी सामान्य मूल्य नीति, सार्वजनिक ऋण व्यवस्थापन, सार्वजनिक संस्थान व्यवस्थापन तथा नेपाल सरकारको आर्थिक प्रशासनको जिम्मेवारी पनि यही मन्त्रालयको हो साथै बैंकिङ्क तथा वित्तिय क्षेत्र व्यवस्थापन, बीमा र पुंजी बजार पनि अर्थ मन्त्रालयको कार्य क्षेत्र भित्र पर्दछ । वित्तीय नीति मार्फत अर्थ मन्त्रालयले मुलुकको सम्पूर्ण आर्थिक क्षेत्रलाई गतिशील बनाउँदछ ।

### (ख) दृष्टिकोणः

सबल वित्तिय र आर्थिक व्यवस्थापनको माध्यमबाट दिगो, फराकिलो तथा उच्च दरको आर्थिक वृद्धि हासिल गरी समग्र अर्थतन्त्रको क्षमता अभिवृद्धि गर्ने।

### (ग) ध्येयः

आन्तरिक राजस्वको आधारलाई सुदृढ गर्दै उपलव्ध वित्तीय स्रोतको प्रभावकारी र समुचित उपयोगबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्नमा सहयोग पुऱ्याउने।

### (घ) रणनीतिः

#### (१) समष्टिगत लक्ष्यः

मुलुकमा उपयुक्त आर्थिक नीति तर्जुमा गर्न योगदान गर्ने र आर्थिक नीति व्यवस्थापनको कार्य गर्ने।

#### (२) कार्यर्नीतिक लक्ष्यहरुः

- राजस्व प्रणालीलाई सरल बनाउने, करका आधार फराकिलो गर्ने र उपयुक्त करका दरहरु तोक्ने।
- कर प्रशासनको दक्षता र प्रभावकारीतामा सुधार गर्ने।
- प्राथमिकता प्राप्त क्षेत्रहरुको लागि बढी दक्ष, प्रभावकारी र न्यायोचित रुपमा साधनको बाँडफाँड गर्ने नीति अवलम्वन गर्ने।

- वित्तीय संस्था र वित्तीय उपकरणहरुको माध्यमबाट उत्पादन र बजारको सुदृढीकरण गर्दै सक्षम वित्तीय प्रणालीको विकास गर्ने।
- सरकारी स्वामित्वका संस्थानहरुलाई कुशल बनाउनका लागि निजीकरण नीतिका साथै आवश्यक अन्य नीतिहरु अवलम्वन गर्ने।
- पारदर्शी र उत्तरदायी आर्थिक तथा वित्तीय सूचना प्रणाली अवलम्वन गर्ने।
- सार्वजनिक क्षेत्रका कर्मचारीहरुको लागि प्रभावकारी र उचित तलबमान एवं प्रोत्साहन प्रणाली अवलम्वन गर्ने।
- प्रभावकारी सार्वजनिक खर्च नीतिहरुको तर्जुमा र कार्यान्वयन गर्ने।
- वैदेशिक सहायताबाट प्राप्त स्रोतहरुको व्यवस्थापनको लागि प्रभावकारी अनुगमन र मूल्याङ्कन प्रणालीलाई संस्थागत गर्ने।
- सार्वजनिक र निजी क्षेत्रवीच विश्वासको वातावरण कायम गर्दै समग्र आर्थिक विकासमा निजी क्षेत्रको संलग्नताको लागि अनुकूल वातावरणको सृजनामा सहयोग गर्ने।

**(ङ) रणनीतिक उद्देश्यहरुः**

- आर्थिक व्यवस्थापन सुधार कार्यमा योगदान दिने।
- संबिधान कार्यान्वयन, आधारभूत स्वास्थ्य सेवा र शिक्षा र ग्रामीण पूर्वाधार विकास जस्ता सामाजिक-आर्थिक पूर्वाधार र बढी मात्रामा गरिबी निवारण तर्फ केन्द्रित हुने र पूनर्निर्माणलाई तिब्रता दिने गरी सार्वजनिक खर्चको प्राथमिकीकरण गर्ने।
- बढी भन्दा बढी राजस्व वृद्धि हुने उपाय अपनाउने।
- प्रभावकारी र दक्ष सेवाको प्रत्याभूतिको लागि बजेट सहयोग उपलव्ध गराउने।
- मागमा आधारित वैदेशिक सहयोग परिचालन गर्ने र वैदेशिक सहयोगको प्रभावकारीतामा सुधार गर्ने।
- सार्वजनिक संस्थानहरुमा प्रभावकारी वित्तीय व्यवस्थापन अभ्यासहरुको प्रत्याभूति गर्ने र तिनीहरुले प्रदान गर्ने सेवाहरुमा सुधार गर्ने।
- विभिन्न मन्त्रालय, विभाग र निकायहरुको लागि भएको बजेट विनियोजन र तिनीहरुले प्रदान गर्ने सेवा प्रवाह प्रणाली वीचमा प्रभावकारी सम्वन्ध स्थापित गर्ने

# २.संगठनात्मक स्वरुप:

**मन्त्री**

| | |
|---|---|
| उ.स. | १ |
| शा.अ. | १ |
| ना.सु. | १ |
| क.अ. | १ |
| ह.स.चा. | १ |
| का.स. | ३ |
| **जम्मा** | **८** |

**राज्य मन्त्री**

**सचिव**

| | |
|---|---|
| शा.अ. | १ |
| क.अ. | १ |
| ना.सु. | १ |
| ह.स.चा. | १ |
| का.स. | २ |
| **जम्मा** | **६** |

**सचिव (राजस्व)**

| | |
|---|---|
| शा.अ. | १ |
| क.अ. | १ |
| ना.सु. | १ |
| ह.स.चा. | १ |
| का.स. | २ |
| **जम्मा** | **६** |

### अन्तर्राष्ट्रिय आ.स.स. महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | ५ |
| शा.अ. | ११ |
| शा.अ. (प्र) | १ |
| क.अ. | १ |
| ना.सु. | ६ |
| ना.सु.(प्र) | १ |
| खरिदार | २ |
| ह.स.चा | १ |
| का.स. | ३ |
| **जम्मा** | **३२** |

### आर्थिक नीति विश्लेषण महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | ३ |
| व.त.शा. | १ |
| शा.अ. | ३ |
| अर्थशास्त्री | १ |
| क.अ. | १ |
| ना.सु. | ४ |
| ह.स.चा. | १ |
| का.स. | २ |
| **जम्मा** | **१७** |

#### सार्वजनिक ऋण व्यवस्थापन शाखा

| | |
|---|---|
| उपसचिव (रा) | १ |
| उपसचिव (ले) | १ |
| शा.अ. (रा.) | २ |
| लेखा अधिकृत | १ |
| तथ्यांक अधिकृत | १ |
| नायब सुब्बा | २ |
| **जम्मा** | **८** |

### वजेट तथा कार्यक्रम महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | ९ |
| उ.स.(ले) | १ |
| शा.अ. | ११ |
| शा.अ.(प्र) | १ |
| क.अ. | १ |
| ना.सु. | ७ |
| खरिदार | २ |
| टाईपिष्ट | १ |
| ह.स.चा. | १ |
| का.स. | ३ |
| **जम्मा** | **३८** |

### कानून,परामर्श तथा फैसला कार्यान्वयन महाशाखा (साविकको कानून महाशाखा)

| | |
|---|---|
| सहसचिव | १ |
| उपसचिव | १ |
| शा.अ. (का.) | १ |
| क.अ. | १ |
| ना.सु. | १ |
| खरिदार | १ |
| ह.स.चा. | १ |
| का.स. | १ |
| **जम्मा** | **८** |

### अनुगमन तथा मुल्यांकन महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | २ |
| शा.अ. | २ |
| क.अ. | १ |
| ना.सु. | ३ |
| ह.स.चा | १ |
| का.स. | २ |
| **जम्मा** | **१२** |

### प्रशासन महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव (प्र.) | १ |
| उप-सचिव (लेखा) | १ |
| कम्प्यूटर निर्देशक | १ |
| शाखा अधिकृत (प्र.) | २ |
| कम्प्यूटर इन्जिनियर | ३ |
| पुस्तकालय अधिकृत | १ |
| ना.सु. (रा.) | ४ |
| ना.सु. (प्र.) | २ |
| लेखापाल | ५ |
| कम्प्यूटर अपरेटर | ३ |
| टाईपिष्ट | ५ |
| खरिदार | ५ |
| सि.अफसेट प्रेसम्या | १ |
| स.ले.पा. | ३ |
| सि. प्लम्बर | १ |
| काट्रोग्राफर | १ |
| लिथो सहायक | १ |
| टेलिफोन अपरेटर | १ |
| ईलेक्ट्रिसियन | १ |
| ह.स.चा. | ३ |
| का.स. | २ |
| प्र.हे.गा. | १ |
| गार्ड | ३ |
| मालि | २ |
| **जम्मा** | **५४** |

### संस्थान समन्वय महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | २ |
| उ.स.(ले.) | १ |
| शा.अ. | २ |
| ना.सु. | ३ |
| क.अ. | १ |
| ह.स.चा | १ |
| का.स. | १ |
| **जम्मा** | **१२** |

### वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव | ३ |
| शा.अ. | २ |
| क.अ. | १ |
| ना.सु. | ३ |
| खरिदार | १ |
| ह.स.चा. | १ |
| का.स. | २ |
| **जम्मा** | **१४** |

### राजस्व व्यवस्थापन महाशाखा

| | |
|---|---|
| सह-सचिव | १ |
| उप-सचिव (राजस्व न्यायधिरण तर्फको १ समेत) | ६ |
| शा.अ. | ४ |
| क.अ. | १ |
| ना.सु. | ४ |
| ह.स.चा. | १ |
| का.स. | २ |
| **जम्मा** | **१९** |

### दरवन्दीको विवरण

| | |
|---|---|
| रा.प.विशिष्ट श्रेणी | २ |
| रा.प.प्रथम | ९ |
| रा.प.द्वितीय | ४० |
| रा.प.तृतीय | ६३ |
| रा.प.अनं.प्रथम | ५४ |
| रा.प.अनं.द्वितीय | २३ |
| रा.प.अनं.तृतीय | १ |
| श्रेणी विहिन | ४४ |
| **कुल दरवन्दी** | **२३६** |

# कर्मचारी दरबन्दी र पदपूर्तिको अवस्था

अनुसूची- २

| क्रम | पद | श्रेणी/तह | सेवा | समूह | मौजुदा दरवन्दी | थप | घट | खुद कायम | पद संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सचिव | विशिष्ट | प्रशासन | | १ | | | १ | | |
| २ | सचिव (राजस्व) | विशिष्ट | प्रशासन | | १ | | | १ | | |
| ३ | सहसचिव | रा.प.प्र. | प्रशासन | सा.प्र. | ८ | | | ८ | | |
| ४ | सहसचिव | रा.प.प्र. | न्याय | कानून | १ | | | १ | | |
| ५ | उपसचिव | रा.प.द्वि. | प्रशासन | राजस्व | ३२ | | | ३२ | | |
| ६ | उपसचिव | रा.प.द्वि. | प्रशासन | सा.प्र. | १ | | | १ | | |
| ७ | उपसचिव | रा.प.द्वि. | प्रशासन | लेखा | ४ | | | ४ | | |
| ८ | उपसचिव | रा.प.द्वि. | न्याय | कानून | १ | | | १ | | |
| ९ | कम्प्युटर निर्देशक | रा.प.द्वि. | विविध | | १ | | | १ | | |
| १० | वरिष्ठ तथ्यांक शास्त्री | रा.प.द्वि. | यो.त. | तथ्याङ्क | १ | | | १ | | |
| ११ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | राजस्व | ४० | | | ४० | | |
| १२ | शाखा अधिकृत | रा.प.तृ. | प्रशासन | सा.प्र. | ४ | | | ४ | | |
| १३ | शाखा अधिकृत | रा.प.तृ. | न्याय | कानून | १ | | | १ | | |
| १४ | तथ्याङ्क अधिकृत | रा.प.तृ. | विविध | तथ्याङ्क | १ | | | १ | | |
| १५ | कम्प्युटर इन्जिनियर | रा.प.तृ. | विविध | | ३ | | | ३ | | |
| १६ | कम्प्युटर अधिकृत | रा.प.तृ. | विविध | | ११ | | | ११ | | |
| १७ | लेखा अधिकृत | रा.प.तृ. | प्रशासन | लेखा | १ | | | १ | | |
| १८ | अर्थ शास्त्री | रा.प.तृ. | विविध | | १ | | | १ | | |
| १९ | पुस्तकालय अधिकृत | रा.प.तृ. | शिक्षा | पु.विज्ञान | १ | | | १ | | |
| २० | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन | राजस्व | ४० | | | ४० | | |
| २१ | नायव सुव्वा | रा.प.अनं. प्रथम | प्रशासन | सा.प्र. | ३ | | | ३ | | |
| २२ | लेखापाल | रा.प.अनं. प्रथम | प्रशासन | लेखा | ५ | | | ५ | | |
| २३ | कम्प्युटर अपरेटर | रा.प.अनं.प्र.प्रा. | विविध | | ३ | | | ३ | | |
| २४ | कार्टोग्राफर | रा.प.अनं. प्रथम | विविध | | १ | | | १ | | |
| २५ | लाइवेरियन | रा.प.अनं. प्रथम | शिक्षा | पु.विज्ञान | ० | | | ० | | |
| २६ | सि.प्लम्वर | रा.प.अनं. प्रथम | इन्जि. | इले. | १ | | | १ | | |
| २७ | सि.अफसेट प्रेसम्यान | रा.प.अनं. प्रथम | शिक्षा | मुद्रण | १ | | | १ | | |
| २८ | खरिदार | रा.प.अनं. द्वि. | प्रशासन | राजस्व | ११ | | | ११ | | |
| २९ | सह लेखापाल | रा.प.अनं. द्वि. | प्रशासन | लेखा | ३ | | | ३ | | |
| ३० | इलेक्ट्रिसियन | रा.प.अनं. द्वि. | इन्जि. | इले. | १ | | | १ | | |
| ३१ | टेलिफोन अपरेटर | रा.प.अनं. द्वि. | विविध | | १ | | | १ | | |
| ३२ | टाइपिष्ट | वेग अनुसार | प्रशासन | | ६ | | | ६ | | |
| ३३ | प्लम्बर | रा.प.अनं. द्वि. | इन्जि. | सेनेटरी | ० | | | ० | | |
| ३४ | हेडगार्ड | रा.प.अनं. द्वि. | प्रशासन | | १ | | | १ | | |
| ३५ | अफसेट प्रेसम्यान | रा.प.अनं. द्वि. | शिक्षा | मुद्रण | ० | | | ० | | |
| ३६ | लिथो सहायक | रा.प.अनं.तृ. | विविध | | १ | | | १ | | |
| ३७ | हलुका सवारी चालक | श्रेणी विहिन | | | १४ | | | १४ | | |
| ३८ | कार्यालय सहयोगी | श्रेणी विहिन | | | २५ | | | २५ | | |
| ३९ | माली | श्रेणी विहिन | | | २ | | | २ | | |
| ४० | गार्ड | श्रेणी विहिन | | | ३ | | | ३ | | |
| | जम्मा | | | | २३६ | | | २३६ | | |

## ३ कार्य क्षेत्रः

नेपाल सरकार(कार्यविभाजन) नियमावली, २०६९ ले अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको कार्य सम्पादनका लागि निर्दिष्ट गरेका कार्यक्षेत्रहरु निम्न बमोजिम रहेका छन्ः

१. आर्थिक तथा राजस्व नीति, आर्थिक प्रशासन र नियन्त्रण सम्बन्धी योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन,

२. आर्थिक विश्लेषण,

३. आर्थिक साधनको बाँडफाँड,

४. मुद्रा, मौद्रिक नीति निर्धारण र कार्यान्वयन,

५. नेपाल राष्ट्र बैंक, बैंकिङ्ग (नेपाल औद्योगिक विकास निगम समेत), वित्तीय संस्था तथा वीमा,

६. आय र व्यको विवरण (बजेट),

७. राजस्व नीति र योजना,

८. राजस्व प्रशासन तथा राजस्व संकलन,

९. राजस्व अनुसन्धान,

१०. सामान्य मूल्य नीति,

११. सामाजिक तथा आर्थिक विकासको लागि अन्तर्राष्ट्रिय सम्पर्क र समन्वय,

१२. आर्थिक, बैंकिङ्ग तथा मुद्रा विषयक अन्तर्राष्ट्रिय सम्पर्क समन्वय,

१३. वैदेशिक ऋण, अनुदान तथा अन्य द्विपक्षीय र बहुपक्षीय सहायता,

१४. विदेशी मुद्रा विनिमय तथा नियन्त्रण,

१५. सार्वजनिक ऋण तथा नियन्त्रण,

१६. तलब, भत्ता, दैनिक तथा भ्रमण भत्ता, निवृत्तभरण, उपदान लगायत आर्थिक दायित्व र सेवा सुविधा सम्बन्धी विषय,

१७. सरकारी स्वामित्वमा रहेका संस्थानको नियमन, नियन्त्रण, समन्वय र निर्देशन तथा तलब, भत्ता, वोनस, लागनी र लाभांश सम्बन्धी नीति निर्धारण,

१८. विश्व बैंक, अन्तर्राष्ट्रिय मुद्रा कोष, एशियाली विकास बैंक, अन्तर्राष्ट्रिय विकास संस्था तथा अन्य अन्तर्राष्ट्रिय वित्तीय संस्था,

१९. सरकारी कोषको व्यवस्थापन, सञ्चालन तथा प्रशासन,

२०. लेखा नियन्त्रण तथा व्यवस्थापन,

२१. सार्वजनिक प्रतिष्ठानको निजीकरण, अनुगमन र नियमन,

२२. सार्वजनिक संस्थान प्रशासन, नीति निर्माण र समन्वय,

२३. राजस्व आर्थिक प्रशासन तालिम,

२४. पूँजी बजार,

२५. सार्वजनिक लगानी,

२६. महालेखा परीक्षकको कार्यालय,

२७. कर्मचारी सञ्चय कोष,

२८. नागरिक लगानी कोष,

२९. सार्वजनिक संस्थान निर्देशन बोर्ड,

३०. सम्पत्ति शुद्धीकरण,

३१. युवा स्वरोजगार सम्बन्धी,

३२. अवकाश कोष,

३३. नेपाल लेखा परीक्षण सेवाको सञ्चालन।

३४. नगर बिकास कोष

## ४ अर्थ मन्त्रालयले गर्ने कार्य र सेवाः

(क) माथि बुंदा नं. (६) मा उल्लिखित कार्य क्षेत्र अन्तरगतका नीतिगत कार्यहरु र

(ख) मन्त्रालयको दैनिक प्रशासन सञ्चालन सम्बन्धी कार्यहरु ।

## ५ सचिवालय, महाशाखा, जिम्मेवार अधिकारी र सम्पूर्ण टेलिफोन नम्वरः

| सि.नं. | सचिवालय/महाशाखा | जिम्मेवार अधिकारी | फोन नं. |
|---|---|---|---|
| १. | माननीय उप-प्रधानमन्त्री तथा अर्थमन्त्री | श्री कृष्ण बहादुर महरा | ४२११३९० |
| २. | सचिव | डा. श्री शान्तराज सुबेदी | ४२११३३२ |
| ३. | सचिव (राजस्व) | श्री राजन खनाल | ४२११७७० |
| ४. | बजेट तथा कार्यक्रम महाशाखा | सहसचिव श्री मधुकुमार मरासिनी | ४२११४०१ |
| ५. | अन्तराष्ट्रिय आर्थिक सहयोग समन्वय महाशाखा | सहसचिव श्री वैकुण्ठ अर्याल | ४२११३७१ |
| ६. | राजस्व व्यवस्थापन महाशाखा | सहसचिव श्री बिष्णुप्रसाद नेपाल | ४२११३१५ |
| ७. | आर्थिक नीति विश्लेषण महाशाखा | सहसचिव श्री लक्ष्मणप्रसाद अर्याल | ४२११३२६ |
| ८. | संस्थान समन्वय महाशाखा | सहसचिव श्री गणेशप्रसाद पाण्डे | ४२११३७७ |
| ९. | कानून तथा परामर्श महाशाखा | सहसचिव श्री उदयराज सापकोटा | ४२११८१३ |
| १०. | वित्तीय क्षेत्र व्यवस्थापन महाशाखा | सहसचिव श्री आनन्दराज ढकाल | ४२११३०६ |
| ११. | अनुगमन तथा मूल्याङ्कन महाशाखा | सहसचिव श्री रामशरण पुडासैनी | ४२००४१८ |
| १२. | प्रशासन महाशाखा | सहसचिव श्री हरि बस्याल | ४२११३०० |

## ६ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

**(क) सूचना दिंदा लिनुपर्ने शुल्क**

- सूचना मागको निवेदन दिंदा कुनै शुल्क वा दस्तुर लाग्दैन।
- सामान्य आकारको (आठ दशमल बतीस इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइ सम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठ सम्मको सूचना निःशुल्क उपलव्ध गराइनेछ ।

- दश पृष्ठ भन्दा धेरै सूचना दिँदा निम्न अनुसार शुल्क लिइनेछ ।
- सामान्य आकारको (आठ दशमलब तीन इन्च चौडाइ र एघार दशमलब सात इन्च लम्बाइसम्म साइज भएको) कागजमा तयार गरिएको वा रहेको दश पृष्ठभन्दा बढी सूचनाको लागि प्रति पृष्ठ पाँच रूपैंयाँ लाग्नेछ।
- माथि उल्लेख भए भन्दा ठूलो आकारको कागजमा तयार गरिएको वा रहेको सूचनाको लागि प्रति पृष्ठ दश रूपैयाँ लाग्नेछ। सुरुका दश पेज निःशुल्क दिनुपर्ने वाध्यता यसमा रहने छैन ।
- डिस्केट, सीडी र अन्य यस्तै प्रकारका डिजिटल माध्यम र प्रविधिद्वारा प्रदान गरिने सूचनाको लागि प्रति डिस्केट, सीडी वापत पचास रूपैयाँ लाग्नेछ ।
- कुनै सूचना तयार गर्दा माथि लेखिए भन्दा बढी खर्च लाग्ने भएमा वास्तविक लागतको आधारमा दस्तुर लिइनेछ।
- प्रचलित कानुनमा सूचना माग गर्दा लाग्ने दस्तुरको सम्बन्धमा छुट्टै व्यवस्था भएकोमा भने सोही बमोजिम दस्तुर लाग्नेछ ।
- मूल्य राखी विक्री वितरण गर्ने मुद्रित वा कुनै पनि माध्यमको सूचना सामग्रीको दस्तुर त्यसमा अंकित वा निर्धारित मूल्यबमोजिम नै हुनेछ।
- तर अर्थ मन्त्रालयको उद्देश्य र कामको प्रर्वद्धनका लागि वितरण गरिने सूचना-सामग्रीको शुल्क लाग्ने छैन ।

**(ख) सूचना उपलब्ध गराए बापत शुल्क लिने तरिका**

(१) नगद लिएर राजस्व खातामा जम्मा गर्न सकिन्छ ।

(२) कुनै बैंकमा जम्मा गर्न लगाई सो को भौचर पेश गर्न लगाउन सकिन्छ ।

(३) सो रकम बराबरको हुलाक टिकट निवदेनमा टाँस्न लगाउन पनि सकिन्छ ।

**(ग) सेवा प्राप्त गर्न लाग्ने अवधि**

(१) सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ ले तोकेको अवधि भित्र, निवेदन प्राप्त भएपछि सूचना अधिकारीले तत्काल उपलव्ध गराउन सकिने प्रकृतिको सूचना भए तत्काल र तत्काल उपलव्ध गराउन नसकिने प्रकृतिको सूचना भए निवेदन प्राप्त भएको मितिले पन्ध्र दिनभित्र निवेदकलाई उपलव्ध हुनेछ । कुनै व्यक्तिको जीउ ज्यानको सुरक्षासंग सम्बन्धित सूचना माग गरेको पाइएमा २४ घण्टाभित्र उपलव्ध गराइने छ।

(२) अन्य विशेष ऐन नियमले अवधि तोकेकोमा सोही बमोजिम ।

## ७ निर्णय गर्ने प्रक्रिया र अधिकारीः

**(क) निर्णय प्रक्रिया सम्बन्धमाः**

(१) मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः

- सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ बमोजिम ।

(२) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गरिने सूचना सम्बन्धमाः

- सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ७ बमोजिम ।

**(ख)निर्णय गर्ने अधिकारी सम्बन्धमाः**

- मन्त्रालयले सम्पादन गर्ने नीतिगत एवं अन्य कार्यहरु सम्बन्धमाः
- मन्त्रिपरिषदमा प्रस्ताव पठाएर
- माननीय अर्थ मन्त्रीस्तरबाट
- अर्थ सचिवस्तरबाट
- सचिव(राजस्व) स्तरबाट
- माननीय अर्थ मन्त्रीबाट प्रत्यायोजित अधिकार बमोजिम
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ बमोजिम प्राप्त अधिकार बमोजिम, र
- अन्य विशेष ऐन, नियमले सचिवले गर्ने भनी तोकिएका कामहरु ।
- सचिवले प्रत्यायोजन गरेको अधिकार वमोजिम तोकिएको कर्मचारीले ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम माग गर्ने सूचना सम्बन्धमा अर्थ सचिवले ।

## ९. निर्णय उपर उजुरी सुन्ने अधिकारीः

**क) अर्थ मन्त्रालयले उपलव्ध गराउने सेवा सम्बन्धमाः-**

प्रचलित ऐन कानूनमा तोकिएको व्यवस्था बमोजिम

**ख) सूचनाको हक सम्बन्धी ऐन, २०६४ वमोजिम परेको उजुरी सम्बन्धमाः-**

राष्ट्रिय सूचना आयोग

## १०. सम्पादन गरेका मुख्य मुख्य कामको विवरणः

### १०.१.समष्टिगत आर्थिक परिसूचक

- समग्र आर्थिक स्थिति सुदृढ भई ६.५ प्रतिशतको आर्थिक बृद्धिदर को लक्ष्य हासिल हुने प्रक्षेपण।
- मुद्रा स्फीति : २.९% (बार्षिक लक्ष्य ७.५ प्रतिशतमा सिमित गर्ने)
- राजस्व परिचालन : ३ खर्ब ५४ अर्ब १५ करोड (लक्ष्यको तुलनामा १०४.१७ %)
- नेप्से परिसूचक (२०७३ फागुन) : १३५५.२३
- नेप्से परिसूचक (२०७३ माघ) : १४७९.८६
- शोधनान्तर बचत (२०७३ फागुन) : रु . ५० अर्ब ६ करोड
- सरकारी कोषको अवस्था(२०७३ फागुन ३० गते) : रु १९५ अर्ब ७१ करोड बचत
- सरकारी कोषको अवस्था(२०७३ माघ २९ गते) : रु २०१ अर्ब ६१ करोड बचत
- बिप्रेषण : रु. ४४९ अर्ब ९९ करोड (अघिल्लो बर्षको तुलनामा ५.३% ले बृद्धि)
- निर्यात : रु. ४८ अर्ब २२ करोड (अघिल्लो बर्षको तुलनामा १२.८% ले बृद्धि)
- आयात (२०७३ फागुन) : रु ६२८ अर्ब ५६ करोड (अघिल्लो बर्षको तुलनामा ४४.२% ले बृद्धि)
- बिदेशी बिनिमय संचितिः रु १०७४ अर्ब २७ करोड (अघिल्लो बर्षको तुलनामा ३.४% ले बृद्धि) १३.९ महिनाको वस्तु र १२ महिनाको बस्तु तथा सेवाको आयात धान्न पर्याप्त रहेको ।

### १०.२.बजेट कार्यान्वयन तथा सार्वजनिक खर्च व्यवस्थापन

- चालु आर्थिक बर्षको कुल बजेट रु १० खर्ब ४८ अर्ब ९२ करोड मध्ये २०७३ फागुन मसान्तसम्म सम्म रु ३ खर्ब ९६ अर्ब ९५ करोड खर्च भएको छ । सो मध्ये चालु खर्च रु. २ खर्ब ९१ अर्ब १६ करोड , पुंजीगत खर्च रु ६६ अर्ब ८७ करोड र वित्तीय व्यवस्था अन्तरगत रु ३८ अर्ब ९१ करोड खर्च भएको छ । जसअनुसार बजेको तुलनामा चालु खर्च ४७%, पुंजीगत खर्च २१% र वित्तीय व्यवस्था अन्तरगत ३२% खर्च भएको छ ।
- चालु आर्थिक बर्षको अर्थ मन्त्रालय र अन्तर्गतका निकायहरुको बजेट रु १५ अर्ब ५० करोड मध्ये २०७३ फागुन मसान्तसम्म सम्म रु ६ अर्ब ९ करोड खर्च भएको छ । सो मध्ये चालु खर्च रु. २ अर्ब ५० करोड , पुंजीगत खर्च रु ५५ करोड ७४ लाख र वित्तीय व्यवस्था अन्तरगत रु ३ अर्ब २ करोड खर्च भएको छ । जसअनुसार बजेको तुलनामा चालु खर्च २६%, पुंजीगत खर्च २८% र वित्तीय व्यवस्था अन्तरगत ७६% खर्च भएको छ ।
- अर्थ मन्त्रालयबाट समृद्ध नेपालको लागि दिगो विकासको तत्कालिन कार्ययोजना २०७३ तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसमा समष्टिगत आर्थिक क्षेत्र, रोजगारी सिर्जना, भुकम्पपछिको पुनर्निर्माण, सरकारी क्षेत्र, बैदेशिक सहायता र लगानी, मौद्रिक र वित्तिय क्षेत्र, बाह्य क्षेत्र , निजी क्षेत्र विकास, पूर्वाधार निर्माण, सार्वजनिक संस्थान र अन्तरमन्त्रालय समन्वय तथ अनुगमन मा संचालन गर्ने निति तथा कार्यक्रम उल्ले गरिएको छ ।

- राष्ट्रिय गौरवका र प्राथमिकता प्राप्त २५ करोडभन्दा बढी लागत भएका निर्माणाधिन परियोजनाहरुको समग्र बजेट बिनियोजन, ठेक्कापट्टाको स्थिति, खर्चको अवस्था त्यसको सबल र दुर्बल पक्षसमेतको स्थलगत अनुगमन गरी पृष्ठपोषण एवम् कार्ययोजना परिमार्जन समेत गर्न अनुगमन तथा मूल्याङ्कन महाशाखाका सहसचिवको संयोजगत्वमा ५ सदस्यीय अनुगमन टोलीको गठन भै अनुगमन शुरु भएको ।यसैक्रममा गौतम बुद्ध क्षेत्रीय बिमास्थल ,बुटवल- बेलहिया व्यापारिक मार्ग आयोजना, ववई सिंचाई आयोजना वर्दिया , रानी जमरा कुलरिया सिंचाई आयोजना कैलाली ,भेरी ववई वहुउद्देश्यीय आयोजना सुर्खेत ,साना किसान विकास वैंक द्वारा संचालित कार्यक्रमहरु, व्यवसायिक कृषि आयोजना सडक विभाग, शहरी विकास विभाग, लुम्विनी क्षेत्र विकास कोष , उत्तर दक्षिण कोशी राजमार्ग आयोजना संखुवासभा ,आ.रा.का. नेपालगञ्ज ,नेपालगञ्ज भन्सार कार्यालय,सुदुर तथा मध्यपश्चिमाञ्चल राजस्व अनुसन्धान क्षेत्रीय कार्यालय कोहलपुर ,आ.रा.का. विराटनगर, लामावगर भन्सार कार्यालय ,आ.रा.का. भैरहवा ,आ.रा.का. बुटवल ,भैरहवा भन्सार कार्यालय ,राजस्व अनुसन्धान पश्चिमाञ्चल क्षेत्रीय कार्यालय को अनुगमन गरिएको ।
- लगानी आकर्षण गरी आयोजना कार्यान्वयनमा ल्याउन आयोजना बैक तयार गर्ने सिलसिलामा सम्बन्धित मन्त्रालयहरुसँग छलफल गरी सम्भावित आयोजनाको सूची तयार भैरहेको ।
- सम्माननीय प्रधानमन्त्रीज्यूले व्यवस्थापिका-संसदमा मिति २०७३ भाद्र २३ गते गर्नुभएको सम्बोधनको कार्यान्वयन कार्ययोजनाको लागत अनुमान सहितको कार्यक्रम कार्यान्वयन तालिका निर्माण गरी कार्यान्वयन भइरहेको ।
- माननीय उप-प्रधान तथा अर्थमन्त्रीज्यूको अध्यक्षतामा ठुलो बजेट हुने मन्त्रालयका सचिवहरुको उपस्थितिमा अर्धबार्षिक बजेट खर्चको अवस्थाको समीक्षा गरीएको ।

## १०.३. भूकम्प पछिको पुननिर्माण र नवनिर्माणका लागि बजेट व्यवस्थापन

- भूकम्पबाट क्षतिग्रस्त भएका बिद्यालय, स्वास्थ्य संस्था , महत्वपर्ण सरकारी भवन लगायतका सार्वजनिक संरचनाहरु, विश्व सम्पदासूचीमा रहेका ऐतिहासिक एवम् पुरातात्विक महत्वका स्थल तथा पशुपति क्षेत्रका संरचनाहरुको पुनर्निर्माणका लागि फागुन मसान्तसम्म रु. २२ अर्व ५६ करोड ४८ लाख थप रकम निकासा दिइएको ।
- भूकम्प पीडितहरूलाई घर निर्माणका लागि २ प्रतिशतको व्याजदरमा कर्जा उपलव्ध गराउने व्यवस्था अन्तर्गत २०७३ फागुन मसान्तसम्म रु. ५२ करोड ६२ लाख कर्जा प्रवाह भएको ।

## १०.४. राजश्व परिचालन र राजस्व चुहावट नियन्त्रण

- आ.व. २०७३/७४ को बार्षिक कुल राजस्व रु ५ खर्ब ६५ अर्व ८९ करोड ६५ लाख लक्ष्य रहेकोमध्ये २०७३ फागुन सम्मको लक्ष्य रु ३३९ अर्ब ९७ करोड रहेकोमा असुली ३ खर्ब ५४ अर्ब १५ करोड करोड भई लक्ष्यको तुलनामा १०४.१७ प्रतिशतले प्रगती भएको छ ।
- "भन्सार कार्यविधिहरुको सरलिकरण तथा सामञ्जस्यीकरण सम्वन्धि अन्तर्राष्ट्रिय महासन्धि संशोधन गर्ने प्रोटोकल (International Convention on the Simplification and Harmonization of Customs Procedures, as Amended) " व्यवस्थापिका-संसदबाट अनुमोदन भएको ।
- राजस्व छुट सम्वन्धी विषयलाई व्यवस्थित गर्न राजस्व छुट सम्बन्धी विद्युतीय प्रणाली **(software)** कार्यान्वयनमा ल्याईएको ।
- व्यापार सहजीकरण गर्न र व्यापार लागत न्युनिकरण गर्न वेभमा आधारित **ASYCUDA** प्रणाली कार्यान्वयन गर्ने कार्यलाई बिस्तार गरिएको ।
- भन्सार बिन्दु तथा आन्तरिक बजारमा हुनसक्ने न्युनबिजकीकरण नियन्त्रण गर्न न्यून विजकीकरण भएका सामाग्रीहरु खरिद गर्ने कार्य प्रारम्भ गरिएको ।
- करको दायरा बढाई राजस्व सङ्कलनलाई प्रभावकारी बनाउन आयकर तर्फ १४३८०२ र मुल्य अभिवृद्धि कर तर्फ ११९९० थप करदातालाई करको दायरामा ल्याईएको ।
- बार्षिक रु ४० लाख भन्दा बढी व्यक्तिगत आयआर्जन गर्नेहरुले अनिबार्य रुपमा आयविवरण दाखिला गर्ने बिद्युतीय प्रणालीको बिकास गरी कार्यान्वयनमा ल्याइएको ।
- मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुले रु १ लाख भन्दा बढिको खरिद/ बिक्री कारोवारको विवरण कर विवरणका साथ पेश गर्नुपर्ने व्यवस्था कार्यान्वयन गरिएको ।
- पांचौ भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना परिमार्जन भएको ।
- आयात निर्यात संकेत नं. जारी गर्ने प्रणालीको शुरुवात गरिएको ।

## १०.५. अन्तरर्ाष्ट्रिय आर्थिक सहायता परिचालन

- आ.ब. २०७३/७४ फागुन मसान्त सम्ममा कुल रु. २ खर्ब १२ अर्ब बरावरको प्रतिबद्धता प्राप्त भएको छ। जसमध्ये ऋण रु. १ खर्व ६६ अर्व बरावरको रहेको छ।

## १०.६. मौद्रिक तथा बित्तिय क्षेत्र व्यवस्थापन

- वाणिज्य बैंकहरूले विपन्न वर्गमा प्रवाह गर्ने कर्जामध्ये २ प्रतिशत कर्जा बैक स्वयमले प्रत्यक्ष रुपमा बिपन्न वर्गमा लगानी गर्नु पर्ने व्यवस्था कार्यान्वयनमा ल्याइएको छ । त्यसैगरी, व्यावसायिक कृषि परियोजनाको धितोमा बैंक तथा वित्तीय संस्थाहरूबाट प्रवाह हुने रु. १० लाखसम्मको कर्जालाई विपन्न वर्ग कर्जामा गणना गर्ने व्यवस्था मिलाइएको ।

- समष्टिगत विवेकशील नियमनमार्फत वित्तीय स्थायित्व कायम गर्न वाणिज्य वैंकहरूले कुल निक्षेपमा संस्थागत निक्षेपको अंश घटाउने, शेयरको धितोमा प्रवाह हुने मार्जिन प्रकृतिको कर्जाको सुरक्षण वापत शेयरको मूल्याङ्कन कम गर्ने, रियल स्टेट कर्जा र त्यसको सुरक्षणबीचको अनुपात घटाउने, नगद कारोबारको सीमा कम गर्ने जस्ता व्यवस्था कार्यान्वयनमा ल्याइएको छ ।
- २०७२ बैशाखको भूकम्पबाट अति प्रभावित काठमाडौं उपत्यका बाहेकका जिल्लाहरूमा रहेका बैक तथा बित्तिय संस्थाका शाखा स्वीकृत स्थानमा रहन असुविधा हुन गएमा सोही जिल्लाको उपयुक्त स्थानमा स्थानान्तरण गर्न राष्ट्र बैंकको स्वीकृत लिनु नपर्ने व्यवस्था मिलाइएको ।
- बैंक तथा वित्तीय संस्थाले रु. ३० लाख वा सोभन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत भुक्तानी गर्नु पर्ने व्यवस्था मिलाइएको । साथै, फर्म, कम्पनी, संस्था वा कार्यालयको नाममा जारी गरिएका चेकहरूको भुक्तानी समेत एकाउन्टपेयी हुनुपर्ने व्यवस्था गरिएको ।
- बीमकको संस्थागत सुशासन निर्देशिका, २०७३ लागु भएको, लघु बीमालाई निम्न आयस्तर भएका जनता समक्ष पुऱ्याउनका लागि ७५ रै जिल्लामा लघु बिमा कार्यक्रम विस्तार गर्ने कार्य प्रारम्भ हुनाका साथै बीमा व्यवसाय सम्बन्धी एकिकृत तथ्याङ्क संकलनका लागि एकिकृत सूचना प्रणाली समेत लागू गरिएको ।
- सार्वजनिक ऋण व्यवस्थापनलाई प्रभावकारी तुल्याउन सार्वजनिक ऋण व्यवस्थापन महाशाखा गठन गर्न O & M Survey गरी Software खरिदको प्रक्रिया अगाडि बढाइएको ।
- वित्तिय पहुँचको अभिवृद्धि गर्न मध्यपश्चिम तथा सुदूरपश्चिम क्षेत्रका साथै भूकम्पबाट अति प्रभावित क्षेत्रमा बैंक तथा वित्तिय संस्थाका शाखा खोल्ने, बिस्तारित कक्ष (Extension Counter) र शाखारहित बैकिङ्ग (Branchless Banking) सुविधा पु-याउने कार्यलाई तीव्रता दिइएको छ ।

## १०.७. कानुन तर्जुमा तथा संशोधन

- निक्षेप तथा कर्जा सुरक्षण कोष विधेयक, २०७२, बैंकिङ्ग कसूर तथा सजाय (पहिलो संशोधन) विधेयक, २०७१, कर्मचारी संचयकोष (नवौं संशोधन) विधेयक, २०७१, लेखापरीक्षण (पहिलो संशोधन) विधेयक, २०७१, आर्थिक विधेयक, २०७३ , राष्ट्र ऋण उठाउने विधेयक, २०७३, ऋण तथा जमानत (एक्काइसौं संशोधन) विधेयक, २०७३, नेपाल राष्ट्र बैंक (दोस्रो संशोधन) विधेयक, २०७१ व्यवस्थापिका संसदबाट पारित भएको ।
- बोनस (पांचौं संशोधन) विधेयक, २०७३, मन्त्रिपरिषदबाट स्वीकृत भइ व्यवस्थापिका संसदमा पेश गर्ने प्रकियामा रहेको तथा संपत्ति शुद्धीकरण (मनि लाउण्डरिङ्ग) निवारण नियमावली, २०७३ मन्त्रिपरिषदबाट स्वीकृत भइ कार्यान्वयको चरणमा रहेको ।
- योगदानमुलक निवृत्तिभरण सम्बन्धि कानुनको मस्यौदा तर्जुमा गरी सहमतिको लागि कानुन मन्त्रालयमा पठाइएको ।
- संघीय आर्थिक कार्यविधि सम्बन्धी विधेयक(धारा १२५) को मसौदा तयार भई कानुन मन्त्रालयमा पठाइएको ।
- संघ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा वित्तीय अनुशासन (धारा ६० (६), अन्तर सरकारी वित्तीय व्यवस्थापन , नेपाल सरकारले संघीय संचित कोषबाट प्रदान गर्ने सशर्त, समपूरक र विशेष अनुदान (धारा ६०(६), प्रदेश र स्थानीय तहको बजेट पेश गर्ने समय (धारा ५९ (३) र वित्तीय अनुशासन (धारा ६० (६) विषयहरु समाबेश भएको अन्तरसरकारी वित्तिय व्यवस्थापन ऐनको मस्यौदा तयार गरी कानुन मन्त्रालयमा पठाइएको । साथै राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग सम्बन्धि ऐनको मस्यौदा कानुन मन्त्रालयमा पठाइएको । कर संहिता (Tax Code) विधेयक (बजेट वक्तव्य २०७३/०७४) , राजस्व बोर्ड गठन विधेयक (बजेट वक्तव्य २०७३/०७४) मसौदा तर्जुमा भैरहेको ।

## १०.८. सार्वजनिक संस्थान व्यवस्थापन

- कुनै बित्तिय संस्थाले लगानी गर्न इच्छुक भएको अवस्थामा ऋण तथा जमानत ऐन, २०२५ को परिधिभित्र रही नेपाल बायुसेवा निगमलाइ २ थान wide Body वायुयान खरीद गर्न सहमति प्रदान गरिएको ।
- निजिकरण समितिको बैठक बसी हेटौडा कपडा उद्योग, बुटवल धागो कारखाना, बीरगन्ज चिनी कारखाना जस्ता बन्द भएका उद्योगहरु पुर्नसंचालन गर्ने र रुग्ण अवस्थामा रहेको गोरखकाली रबर उद्योगको सुधार सम्बन्धमा प्रक्रिया अगाडि बढाइएको ।
- सार्वजनिक संस्थानको व्यवस्थापन तथा संचालन र संस्थानहरुबाट वितरण हुने सेवा प्रवाहलाइ चुस्त दुरुस्त र थप प्रभावकारी बनाउने सम्बन्धमा अर्थ मन्त्रालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, उद्योग, बाणिज्य, आपुर्ति, कृषि मन्त्रालय र महालेखा नियन्त्रकको कार्यालय लगायत अन्य सरोकारवाला निकाय समेतको सहकार्य र समन्वयमा अध्ययन गरी प्रतिबेदन पेश गर्न एक कार्यदल गठन गरी अध्ययन कार्य भइरहेको ।

## १०.९ अन्य

- वृत्ति विकासलाई कार्यसम्पादनसँग आवद्ध गर्ने सम्बन्धमा विभागीय प्रमुख तथा कार्यालय प्रमुखहरुसंग कार्य सम्पादन सम्झौता गरीएको र सोही वमोजिम ती पदाधिकारीहरुको कार्य सम्पादन मूल्यांकन गर्ने प्रणालीको विकास गरीएको ।
- गरिवका लागी सरकार सम्बन्धि अवधारणापत्र तयार गरि राष्ट्रिय योजना आयोगमा पठाईएको छ ।
- सम्पत्ति शुद्धिकरण निवारणको कार्यलाई अन्तर्राष्ट्रिय मापदण्ड अनुरुप तुल्याउने क्रममा आगामी दिनमा यस सम्बन्धी हुने सम्पादित कार्यको मूल्याङ्कन पूर्व नै नेपालको अवस्थाको स्व-मुल्यांकन गर्न बिषयगत समिति बनाई कार्य अगाडि बढाइएको ।
- प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट यस अवधिमा प्राप्त हेलो सरकारसँग सम्बन्धित ५११ वटा गुनासाहरु मध्ये ५११ वटा फर्छ्यौट गरिएको ।

# १०.१३ आ.ब. २०७३/७४ फागुन महिनासम्मको राजस्व असुलीको अवस्था

| सि.नं. | कर शिर्षक | वार्षिक लक्ष्य (२०७३/०७४) | २०७२/७३ को असूली | | २०७३/७४ फागुनको | | २०७३/७४ फागुनसम्मको | | वार्षिक लक्ष्यको तुलनामा % | चालु आ.ब.को फागुन महिनाको लक्ष्यका तुलनामा | चालु आ.व.को फागुन महिनासम्मको लक्ष्यका तुलनामा | गत बर्षको यस अवधिको तुलनामा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | फागुन को | फागुन सम्मको | लक्ष्य | असूली | लक्ष्य | असूली | | | | |
| १. | **भंसार महशुल** | **104,740,068** | **9384881** | **44495454** | **9,426,606** | ***8880006*** | **65,986,243** | ***73171918*** | **69.86** | **94.20** | **110.89** | **64.45** |
| | पैठारी | 91,873,021 | 8959409 | 42130565 | 8,268,572 | 7616277 | 57,880,003 | *64426999* | **70.13** | **92.11** | **111.31** | **52.92** |
| | निकासी | 989,413 | 7198 | 151115 | 89,047 | 7029 | 623,330 | *78243* | **7.91** | **7.89** | **12.55** | **-48.22** |
| | पुर्वाधार कर | 7,361,306 | 0 | 0 | 662,518 | 873362 | 4,637,623 | *5715430* | **77.64** | **131.82** | **123.24** | |
| | भन्सारको अन्य आय | 609,777 | 46353 | 188386 | 54,880 | 28271 | 384,159 | *250322* | **41.05** | **51.51** | **65.16** | **32.88** |
| | कृषि सुधार शुल्क | 3,906,551 | 371921 | 2025388 | 351,590 | 355067 | 2,461,127 | *2700924* | **69.14** | **100.99** | **109.74** | **33.35** |
| २. | **मूल्य अभिबृद्धि कर** | **164,720,380** | **11913010** | **69430133** | **14,231,547** | **12607849** | **104,367,127** | ***101791476*** | **61.80** | **88.59** | **97.53** | **46.61** |
| | उत्पादन, विक्री, सेवा | 59,328,754 | 3632509 | 30110541 | 4,746,300 | 4074806 | 37,970,403 | *37480944* | **63.18** | **85.85** | **98.71** | **24.48** |
| | पैठारी | 105,391,626 | 8280501 | 39319592 | 9,485,246 | 8533043 | 66,396,724 | *64310532* | **61.02** | **89.96** | **96.86** | **63.56** |
| ३. | **अन्तःशुल्क** | **80,942,626** | **7064335** | **34989659** | **7,284,836** | **5559455** | **50,093,350** | ***55151866*** | **68.14** | **76.32** | **110.10** | **57.62** |
| | आन्तरिक उत्पादन | 45,025,232 | 3481641 | 19833468 | 4,052,271 | 3628918 | 27,465,392 | 27930807 | **62.03** | **89.55** | **101.69** | **40.83** |
| | पैठारी | 35,917,394 | 3582694 | 15156191 | 3,232,565 | 1930537 | 22,627,958 | 27221059 | **75.79** | **59.72** | **120.30** | **79.60** |
| ४ | स्वास्थ्य सेवा शुल्क | **968,943** | **19071** | **435031** | **29,068** | **17448** | **639,502** | ***565503*** | **58.36** | **60.02** | **88.43** | **29.99** |
| ५ | **शिक्षा सेवा शुल्क** | **756,248** | **23796** | **352067** | **30,250** | **34778** | **506,686** | ***464804*** | **61.46** | **114.97** | **91.73** | **32.02** |
| ६ | **आयकर** | **127,522,340** | **3254239** | **51353782** | **4,946,816** | **4008182** | **69,215,457** | ***72487187*** | **56.84** | **81.03** | **104.73** | **41.15** |
| | आयकर | 114,189,830 | 2829441 | 44553883 | 4,567,593 | 3583571 | 60,520,610 | *64593303* | **56.57** | **78.46** | **106.73** | **44.98** |
| | घरजग्गा वहालकर | 3,752,410 | 211439 | 1921662 | 187,621 | 237569 | 1,988,777 | *2451902* | **65.34** | **126.62** | **123.29** | **27.59** |
| | व्याजकर | 9,580,100 | 213359 | 4878237 | 191,602 | 187042 | 6,706,070 | *5441982* | **56.81** | **97.62** | **81.15** | **11.56** |
| ७ | **रजिष्ट्रेशन दस्तुर** | **14,042,397** | **1015650** | **5657191** | **1,544,664** | **1535807** | **9,970,102** | ***13209236*** | **94.07** | **99.43** | **132.49** | **133.49** |
| ८ | **सवारी साधन कर** | **7,540,876** | **597221** | **4457766** | **527,861** | **499573** | **5,731,066** | ***6135989*** | **81.37** | **94.64** | **107.07** | **37.65** |
| ९ | **अन्य कर** | **9,357,954** | **1218660** | **2708017** | **748,636** | **29500** | **6,363,409** | ***4523121*** | **48.33** | **3.94** | **71.08** | **67.03** |
| | **जम्मा कर राजश्व** | **510,591,832** | **34490863** | **213879100** | **38,770,284** | **33172598** | **312,872,942** | **327501100** | **64.14** | **85.56** | **104.68** | **53.12** |
| १० | **जम्मा गैर कर राजश्व** | **55,304,668** | **1849300** | **19263900** | **2,212,187** | **1825400** | **27,099,287** | ***26649100*** | **48.19** | **82.52** | **98.34** | **38.34** |
| | **कूल राजश्व** | **565,896,500** | **36340163** | **233143000** | **40,982,471** | **34997998** | **339,972,229** | **354150200** | **62.58** | **85.40** | **104.17** | **51.90** |

१. विभागहरुबाट प्राप्त विवरण
अनुसार ।
२. कूल नेपाल राष्ट्र बैकको तथ्यांकबाट लिइएको । ३. मु. अ. कर पैठारी तर्फ यस महिनाको कर फिर्ता रु.२६२५२० हजार समायोजन गरिएको

## ११. महाशाखागत उपलब्धिहरु

### ११.१. बजेट तथा कार्यक्रम महाशाखा

- राष्ट्रिय योजना आयोगमा आगामी आ.व.को बजेट तर्जुमा सम्बन्धमा विषयगत मन्त्रालयहरुसंग LMBIS मा प्रविष्टि भएका कार्यक्रमहरुमा चालू तथा पूँजीगत खर्चको सीमा, प्रस्तावित आयोजना/कार्यक्रमहरुको औचित्य एवं सिमा भन्दा बढी बजेट मागका कारणहरु लगायत आगामी आ.व. मा समावेस गर्नु पर्ने आयोजनाहरुको लागत लाभ विश्लेषण, सामाजिक आर्थिक क्षेत्रमा पार्ने दूरगामी प्रभाव लगायतमा Sector wise प्रतिनिधित्व भै छलफल भएको,
- अर्थ सचिवज्यूको संयोजकत्वमा गठित बजेट वक्तव्य मस्यौदा लेखन समिति मातहत रहने गरी बजेट तथा कार्यक्रम महाशाखाका प्रमुखज्यूको संयोजकत्वमा विभिन्न विज्ञहरु, संघ संस्थाहरुसंग छलफल गर्ने लगायतका TOR सहित पांच सदस्यीय मस्यौदा तयार गर्न समिति गठन गरिएको,
- निजामती कर्मचारीहरुको आधिकारीक ट्रेड युनियनलाई रु. १ करोड ५० लाख अनुदान निकासा दिइएको,
- सशस्त्र प्रहरी बल गुहेश्वरी गण दुवाकोट भक्तपुरमा मुआव्जा वितरण गर्न रु. ३० करोड ९४ लाख ९० हजार निकासा दिइएको,
- खानेपानी तथा सरसफाई मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाहरुमा संचालित आयोजनाहरुको लागि रु. २ अर्ब ८४ करोड बराबरको स्रोतको सुनिश्चितता दिइएको,
- संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय पूर्वाधार निर्माण तथा विकास कार्यक्रम संचालन गर्नको लागि रु. २ अर्ब ८४ करोड बराबरको स्रोतको सुनिश्चितता दिइएको,
- भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गत विभिन्न जिल्लाहरुमा संचालित सडक आयोजनाहरुको लागि बहुवर्षिय ठेक्का संझौताको लागि रु. ७ अर्ब ४ करोड र यसै आर्थिक वर्षमा कार्य सम्पन्न गर्ने गरी सडक आयोजनाहरुको लागि रु. ७ अर्ब २४ करोड बराबरको स्रोतको सुनिश्चितता दिइएको,
- राष्ट्रिय पुनर्निर्माण प्राधिकरणको भूकम्पबाट अति प्रभावित १४ जिल्लाहरुमा स्थापना हुने समन्वय समितिको कार्यालयहरुको लागि रु. ३ करोड ८४ लाख ६० हजार निकासा गरिएको ।
- मतदाता नामावली संकलन तथा अद्यावधिक कार्यक्रम संचालनको लागि निर्वाचन आयोगलाई रु. ४ करोड ८४ लाख ७८ हजार ५ सय निकासा दिइएको ।
- नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३/०६/२० को निर्णयानुसार नयाँ खोलिएका १० वटा मालपोत तथा नापी कार्यालयहरु संचालनको लागि रु. ३ करोड ५१ लाख ७८ हजार निकासा दिइएको ।
- ऐतिहासिक जन आन्दोलन, मधेश आन्दोलका घाइते, अपाङ्ग, ७८ जना भुकम्पका घाइतेहरुको लागि रकम निकासा गरिएको,
- वैदेशिक रोजगारमा जाने कामदारको सवास्थ्य परीक्षण गर्ने, स्वास्थ्य संस्था सुदृढीकरण नविकरण तथा अनुगमन सम्वन्धी पहिलो संशोधन कार्यविधि, २०७३ मा सहमति दिईएको ।
- मानव वन्यजन्तु द्धन्द व्यवस्थापन कोष संचालन कार्यविधि, २०७३ मा सहमति दिईएको ।
- विद्युत उत्पादन कंम्पनीको कार्यालय संचालनमा शेयर लगानी वापद रु१७ करोड रकम निकासाभएको।
- चितवन जिल्लाको नवलपुरमा विशेष आर्थिक क्षेत्र Special Economic Zone स्थापनाको संभाव्यता अध्ययनको लागि सहमति दिईएको ।
- नागरिक उडयन प्रधिकरणमा सेयर लगानी वापतको रकम निकासाको लागि सहमति दिईएको ।

- संयुक्त आवासको स्वामित्व सम्वन्धी पहिलो संशोधन विधेयक, २०७३ को मस्यौदामा सहमति दिईएको ।
- निजामति सेवा ऐन, २०४९ लाई संशोधन गर्न वनेको निजामति सेवा पांचौ संशोधन विधेयक २०७३ को मस्यौदामा सहमति दिईएको ।
- AFC Solidiarity Cup फुटवल प्रतियोगितामा नेपालको तर्फवाट सहभागी भई प्रथम स्थान हासिल गर्ने राष्ट्रिय टिमलाई प्रोत्साहन वापत पुरस्कारको लागि रु. ७५ लाख ५० हजार निकासा दिईएको ।
- ठूला आयोजनाहरुको लागि रु. १ अर्व ७२ करोड वरावरको वहुवर्षीय ठेक्का सम्झौताको लागि सहमति दिइएको ।प्रदेशका मुख्य मन्त्री तथा मन्त्रीहरुको पारिश्रमिक र सुबिधा सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक मा सहमति दिएको ।
- द्धन्द पिडितको तथ्यहरु उपर पूनारावलोकन गर्न पाँचौ कार्यदल गठन गर्न सहमति दिएको ।
- खेलकूद विकास विधेयक, २०७३ मा सहमति दिएको ।
- शिक्षा सम्बन्धी केही नेपाल कानूनलाई संशोधन गर्न बनेको बिधेयकमा सहमति दिएको ।
- शिक्षा (आठौ स्शोधन) ऐन, २०७३ अनुसार शिक्षा नियमावली मा आवश्यक संशोधन मा सहमति प्रदाग गरीएको ।
- स्थानीय शासन(संचालन तथा ब्यवस्थापन) विधेयक,२०७३को प्रस्तावित मस्यौदामा राय/प्रतिकृया उपलब्ध गराएको ।
- प्रस्तावित जातिय भेद भाव तथा छुवाछुत( कसुर र सजाय) पहिलो संशोधन ऐन,२०७३को मस्यौदामा सहमति प्रदान गरिएको ।
- CTVT fund ( शिक्षा तथा व्यवसायिक तालिम कोषको स्थापना गरी एकिकृत रुपमा तालिम संचालन गर्न सहमति दएको ।
- गा.वि.स. सचिवहरुलाई ५० प्रतिशत प्रोत्साहन भत्ता उपलब्ध गराउन मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न सहमति प्रदान गरिएको ।
- काठमाण्डौ उपत्यका लगाएत विभिन्न प्रमुख शहरमा नगरपालिका मार्फत संचालन गर्ने गरी ५० वटा ठूला बस खरिद गर्न सहमति दिएको ।
- वजेट तथा कार्यक्रम महाशाखाको कार्य संचालन निर्देशिका २० मा परिमार्जन गरि कार्य संचालन निर्देशिका २०७३ प्रकाशन गरिएको ।
- धनगढी, नेपालगन्ज, पोखरा तथा बिराटनगर स्थित बिभिन्न कार्यालयका २५० जना कर्मचारीहरुलाइ LMBIS तालिम दिएको
- आ.ब. २०७२/७३ को बार्षिक प्रगति विवरण तयार गरी प्रकाशन गरिएको ।
- काठमाण्डौ उपत्यका सडक सुधार तथा सार्वजनिक जग्गा संरक्षण गर्ने कार्यको लागि रु १५ करोड थप निकासा ।
- नमुना एकिकृत बस्ती विकास कार्यक्रम (तराइ मधेश हिमाल पाहाड) अन्तरगत ३ वटा कार्यक्रमका लागि रकम निकासा गरिएको ।
- लघु घरेलु तथा साना उद्योगक्षेत्रको सुधार विकास तथा पूर्वाधारका लागि रका निकासा तथा श्रोतको सुनिश्चितता गरिएको ।

- संमृद्ध तराइ मधेश सिचाइ विकास कार्यक्रमलाई अपुग हुने रकम व्यवस्था गरिएको ।
- रुकुम रोल्पा ढोरपाटन बाग्लुङ म्याग्दी गुरिल्ला ट्रेक निमार्णका लागी श्रोतको सुनिश्चितता दिएको ।
- शहिद गंगालाल राष्ट्रिय हृदय राग केन्द्रलाई सिटी स्क्यान खरिद गर्न रु २० करोडको श्रोत सुनिश्चितता दिएको ।
- विभिन्न अञ्चल अस्पतालहरुलाई स्वास्थ्य उपकरण खरीद गर्न रु.३३करोड रकमान्तर गरिएको ।
- विभिन्न जिल्लाहरुमा सडक तथा पुल निर्माणका लागी रु.२अर्ब ६२ करोडको श्रोत सुनिश्चितता दिएको

## ११.२ सार्वजनिक व्यवस्थापन एवं सामान्य प्रशासनः

- कर्मचारीहरुको वैयक्तिक विवरण तयार पार्ने सिलसिलामा विभागहरुसँग जानकारी माग गरिएको ।
- नियमितरुपमा बँगैचा संरक्षण र व्यवस्थापन गरिएको ।
- भन्सार ऐन, २०६४ बमोजिम जफत भएका सवारी साधनहरु प्र.मं. तथा मं.प् को कार्यालयमा ४ थान मोटरसाइकल, अर्थ मन्त्रालयलाई १ थान मोटरसाइकल, म.ले.नि.कार्यालयलाई १ थान मोटरसाइकल, श्री शहरी विकास तथा भवन डिभिजन कार्यालय ललितपुरलाई १ थान हुण्डाइ सेन्ट्रो कार, श्री उद्योग मन्त्रालयलाई १ थान मारुती सुजुकी कार नेपाल सरकारले प्रयोग गर्ने गरी हस्तान्तरण गरिएको ।
- मासिकरुपमा सचिव बैठकको प्रगति श्री प्र. मं. तथा मं. प. को कार्यालयमा पठाइएको
- राजपत्रांकित कर्मचारीहरुको चालु आ.व.२०७३/०७४ को अर्धवार्षिक कार्य सम्पादन मूल्याङ्कन संकलन तथा मूल्याङ्कन कार्य सम्पन्न गरिएको ।
- मन्त्रालयको ऋण व्यवस्थापन शाखाको संगठन तथा व्यवस्थापन सर्भेक्षण कार्य सम्पन्न गरी नेपाल सरकार मन्त्रिपरिषदमा प्रस्ताव स्वीकृतिको लागि सामान्य प्रशासन मन्त्रालयमा पठाउने प्रक्रियामा रहेको । त्यसैगरी अन्तरसरकारी वित्तीय व्यवस्थापन महाशाखा स्थापनार्थ संगठन तथा सर्वेक्षणको कार्य भई रहेको ।
- मोटरसाईकल तथा कम्प्युटर लिलामीका लागि दोश्रोपटक सूचना प्रकाशित गरिएको ।
- बजेट एप्स निर्माणका लागि प्राविधिक लगायतका अन्य प्रकृयाहरु अगाडि बढाइएको ।
- ल्यापटप, डेस्कटप, प्रिण्टर खरिदका लागि बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको ।
- Firewall, San, Server, Switches खरिद प्रकृयाका लागि बोलपत्र आह्वानको सूचना प्रकाशन गरिएको ।

## ११.३ राजस्व व्यवस्थापन महाशाखा

- न्यून विजकिकरण भएका वस्तुहरु खरीदको लागि आवश्यक वजेट विनियोजन गरिएको र खरिद कार्य भैरहेको, साथै न्युन विजकिकरण भएका बस्तु खरिद सम्बन्धि कार्यविधि स्विकृति हुने अवस्थामा रहेको,
- मुल्य अभिवृद्धि करमा दर्ता भएका करदाताहरुले १ लाख भन्दा बढिको कारोवारको विवरण कर विवरणमा उल्लेख गर्ने व्यवस्था कार्यान्वयन गरिएको,
- केन्द्रिय राजस्व वोर्ड सम्बन्धी कानूनको मस्यौदा तयार भई छलफलको क्रममा रहेको,
- एकिकृत कर संहिताको प्रारम्भिक मस्यौदा तयार भएको,

- राजस्व चुहावट नियन्त्रणका लागि आयात र विक्रीको तथ्यांक भिडाउने प्रणाली विकास गर्न आन्तरिक राजस्व विभाग, भन्सार विभाग र राजस्व अनुसन्धान विभागहरुमा प्रयोगमा रहेका विधुतिय प्रणालीहरुलाई अन्तर आवध्दता हुने गरी एकीकृत विद्युतीय प्रणालीमा परिणत गर्न अध्ययन कार्य सम्पन्न भई प्रारम्भिक प्रतिवेदन प्राप्त भएको ।
- भन्सार मुल्याकन र वस्तु वर्गिकरणको अनुगमन गर्न WAN system र IP Camera को प्रयोगलाई विस्तार गरिएको,
- पांचौ भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना परिमार्जन भईसकेको
- आयात निर्यात संकेत नं जारी गर्ने प्रणालीको सुरुवात गरिएको
- विराटनगरमा वजेट पश्चातको समिक्षा कार्यक्रम मिति २०७३.०७.२६ मा सम्पन्न भएको ।
- राजस्व परामर्श समितिको प्रथम बैठक २०७३ पौष २६ मा सम्पन्न भएको ।
- निकासी पैठारी संकेत नम्वर प्रदान गर्ने सम्वन्धमा प्रचारप्रसार गर्न र जानकारी गराउने उद्देश्यले वीरगञ्ज स्थित उद्योग वाणिज्य संधको सभाहलमा सरोकारवालाहरुवीच अन्तरकृया सम्पन्न गरीएको ।
- EXIM Code Software सम्वन्धी जानकारी गराउने उदेश्यले भन्सार विभाग र अन्तर्गतका कार्यालयहरुका कर्मचारीहरुलाई Software वाट Online फारम भर्ने र पठाउने सम्वन्धि Training For Trainers (ToT) प्रदान गरिएको
- वीरगज भन्सार कार्यालमा Asycuda world को Testing कार्य सफल भए पश्चात Asycuda World को Live सुरुवात गरिएको ।
- कन्चनपुर र सुनसरी भन्सार कार्यालयमा Connectivity व्यवस्थापन गरी IP Camara संञ्चालनमा ल्यईएको ।
- राजस्व परामर्श समितिको दोस्रो वैठक मिति २०७३ माघ २८ गते नेपालगन्जमा सम्पन्न भएको ।
- राजस्व परामर्श समितिको तेस्रो वैठक मिति २०७३ माघ २९ गते धनगढीमा सम्पन्न भएको ।
